"सिरीजङ्घाको गौरव, कन्चनजङ्घा"

# सिरीजङ्घा राजपत्र

सिरीजङ्घा गाँउपालिकाद्धारा प्रकाशित

खण्ड ६) ताप्लेजुङ, कोशी प्रदेश, नेपाल, मंसिर २४ गते २०८१ साल (संख्या०५

## भाग १

सिरीजङ्घा गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, कोशी प्रदेश, नेपाल।

सिरीजङ्घा गाँउपालिकाको गाँउ सभा अधिवेशनले पारित गरेको तल लेखिए बमोजिमको ऐन सम्वत् २०८१ सालको ऐन/नियमावली/ निर्देशिका /कार्यविधि/मापदण्ड नं. ०५

# मृतकको परिवारलाई समवेदना तथा काजकृया खर्च वितरण सम्बन्धी कार्यविधी- २०८१

**प्रमाणीकरण मितिः २०८१।०८।२३**

**प्रस्तावना-** सिरीजङ्घा गाउँपालिका भित्र स्थायी बसोबास गर्ने आर्थिक रूपले विपन्न नागरिकहरूको परिवारका सदस्यको मृत्यु भई निजको धार्मिक सामाजिक तथा साँस्कृतिक परम्परागत मृत्यु संस्कार गर्नका लागि सिरीजङ्घा गाउँपालिकाले सम्वेदना पत्र तथा काजकृया खर्च उपलब्ध गराउन सिरीजङ्घा गाउँपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन २०७७ को दफा ४ को अधिकार प्रयोग गरी सिरीजङ्घा गाउँपालिकाले यो कार्यविधी तर्जुमा गरी जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ-** (क) यो कार्यविधीको नाम "मृतकको परिवारलाई समवेदना तथा काजकृया खर्च वितरण सम्बन्धी कार्यविधी- २०८१" रहेको छ ।

(ख) यो कार्यविधी सिरीजङ्घा गाउँ कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा-**

(क) "मृतक" भन्नाले सिरीजङ्घा गाउँपालिका क्षेत्रभित्र स्थायी रूपमा बसोबास गर्दै आएका मृतक व्यक्तिलाई सम्झनुपर्दछ ।

(ख) "मृतकको परिवार" भन्नाले मृतक व्यक्तिको पति पत्नी, आमा बुवा, बाजे बज्यै, छोरा छोरी, सासु ससुरा समेतलाई सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले सिरीजङ्घा गाउँपालिकालाई सम्झनु पर्दछ ।

(घ) "समवेदना पत्र" भन्नाले मृतकका परिवारलाई गाउँपालिकाबाट प्रदान हुने समवेदना पत्रलाई सम्झनु पर्दछ ।

(ङ) "काजकृया खर्च" भन्नाले मृतकको धार्मिक परम्परा अनुसार गरिने काजकृयामा गाउँपालिकाबाट वितरण हुने रकमलाई सम्झनु पर्दछ ।

(च) "समिती" भन्नाले दफा ३ बमोजिमका सदस्यहरू रहेको समितिलाई सम्झनु पर्दछ ।

(छ) "वडा कार्यलय" भन्नाले सिरीजङ्घा गाउँपालिका भित्रका ८ वटै वडाहरूलाई सम्झनु पर्दछ ।

(ज) "सिफारिस" भन्नाले वडा कर्यालयबाट जारी हुने मृत्यु दर्ता प्रमाणपत्र, नाता प्रमाणित समेतको सिफारिसलाई सम्झनु पर्दछ ।

(झ) "प्रशासन" भन्नाले सिरीजङ्घा गाउँपालिका गाउँकार्यपालिकाको प्रशासन महाशाखा/शाखालाई सम्झनु पर्दछ ।

(ञ) "पञ्जिकरण" भन्नाले सिरीजङ्घा गाउँपालिका गाउँकार्यपालिकाको पञ्जिकरण शाखालाई सम्झनु पर्दछ ।

(ट) "कार्यपालिका" भन्नाले सिरीजङ्घा गाउँपालिका गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(ठ) "अध्यक्ष" भन्नाले सिरीजङ्घा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सिरीजङ्घा गाउँपालिका गाउँकार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

३. **समिति-** (१) मृतकको परिवारलाई समवेदना तथा काजकृया खर्च वितरण गर्न सिरीजङ्घा गाउँ कार्यपालिकामा देहाय बमोजिमको समिति हुनेछ ।

(क) गाउँपालिका अध्यक्ष- संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(ग) सामाजिक विकास समिति संयोजक- सदस्य

(घ) गाउँ कार्यपालिका सदस्य मध्येबाट गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिमका (महिला १/दलित १)- सदस्य

(ङ) सामान्य प्रशासन महाशाखा/शाखा प्रमुख- सदस्य

(च) पञ्जिकरण शाखा प्रमुख- सदस्य सचिव

(२) समिति बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठक भत्ता प्रचलित कानूनले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र बैठक सम्बन्धी कार्यविधी समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) मृतकको परिवारलाई प्रदान गर्ने समवेदना तयार पार्नु तथा प्रदान गर्नु ।

(ख) मृतकको परिवारबाट अनुसुची १ को ढाँचामा उल्लेखित निवेदन साथ संलग्न कागजात प्राप्त गर्नु ।

(ग) मृतकको परिवारलाई काजकृया खर्च उपलब्ध गर्न कार्यपालिकाको कार्यालय समक्ष सिफारिस गर्नु ।

(घ) मृतकको परिवारलाई वितरण गरिएको समवेदना तथा काजकृया खर्चको विवरण अध्यावधिक गरी गाउँकार्यपालिका समक्ष आर्थिक वर्षको अन्त्यमा पेश गर्ने ।

**५. समवेदना र काजकृया खर्च वितरण सम्वन्धी व्यवस्था-**

(क) मृतकको परिवारका सदस्यलाई १(एक) समवेदना पत्र वितरण गरिनेछ ।

(ख) मृतकको परिवारका सदस्यलाई काजकृया खर्च वापत रू ५०००।— (अक्षेरूपी पाँच हजार रूपैयां मात्र) एकमुष्ठ रूपमा उपलनब्ध गराउनेछ ।

**६. खारेजी र बचाउ-** यो कार्यविधी आवश्यकता अनुसार गाउँ कार्यपालिकाले खारेजी वा संशोधन र परिमार्जन गर्न सक्नेछ ।

**७. निवेदनको ढाँचा-** मृतक परिवारका सदस्यले काजकृया खर्च वापतको रकम भुक्तानी माग गर्दा अनुसूची १ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

**८. समवेदना पत्रको ढाँचा-** मृतक परिवारका सदस्यले काजकृया खर्च वापतको रकम भुक्तानी माग गर्दा अनुसूची २ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

९. **लागू हुनेः** कार्यविधी स्वीकृत हुनुभन्दा अघी भएका काम कारवाहीहरू यसै कार्यविधी बमोजिम भए गरेको मानिने छ ।

अनुसूसी- १

(दफा ७ संग सम्बन्धीत)

श्रीमान अध्यक्ष ज्यु, मिति.......................

सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ ।

विषय- **<u>काजकृया खर्च वापतको रकम उपलब्ध गराइदिनहुन ।</u>**

महोदय,

प्रस्तुत विषयमा सिरीजङ्घा गाउँपालिका वडा नं. ........ बस्ने ................................ को नाती/नातिनी..................................................को छोरा/छोरी/....................................... म निवेदकको ........................ नाता पर्ने...................................... को मिति................................ मा मृत्यु भए हाम्रो धार्मिक परम्परा अनुसार काजकृया कर्म समेत सम्पन्न भएको हुँदा गाउँपालिकाबाट मृतक परिवारका सदस्यलाई प्रदान गर्ने काजकृया खर्च रकम उपलब्ध गराईदिनहुन यसै निवेदन पत्रसाथ देहाय बमोजिमका कागजात संलग्न गरी सादर निवेदन गर्दछु ।

(क) मृत्यु दर्ताको प्रमाण पत्रको प्रतिलिपी १ थान ।

(ख) वडा कार्यालयको काजकृया खर्च उपलब्ध गराउने सिफारिस १ थान ।

(ग) मृतक संगको नाता प्रमाणित सिफारिस १ थान ।

(घ) निवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी १ थान ।

निवेदक

नाम थर..................................................

दस्तखत..................................................

स्थायी ठेगाना- सिरीजङ्घा गाउँपालिका वडा नं...

सम्पर्क नं...............................................

**आज्ञाले,**

**श्री डम्बर बहादुर आङदेम्वे**

**प्रमुख प्रशासकीय अधिकृत**

**सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ।**